जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
# राजविराज दैनिक
स.नि.वि.का.द.नं. ५/०६४/०६५
वर्ष ३४ अंक ५४ २०८१ साल असोज ३ गते बिहीबार (19 Sep. 2024 Thursday) मूल्य रु. ५/-





**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : संविधानको कार्यान्वयनको अन्तर. ३ पृष्ठमा : संविधान कार्यान्वयन र ... ३ पृष्ठमा जम्मु-कस्मिरमा विधानसभा निर्वाचन...

## आमाको किरियामा आएका छोरा धान खेतमा मृत फेला

**दैनिक समाचारदाता**
**राजविराज, २ असोज ।**

आमाको किरियामा दुई साता अघि बैदेशिक रोजगारीबाट घर फर्केका एक युवक मृत अवस्थामा फेला परेका छन् ।

सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिका ६ महुली बजारका २७ वर्षिय ईश्वर पोखरेल बुधबार विहान धान खेतमा मृत अवस्थामा फेला परेका हुन ।

पोखरेलको मृत शरीर घरबाट ३ सय मिटरको दुरीमा रहेको घुरन चौधरीको धान खेतमा फेला परेको प्रहरीले जनाएको छ ।

एक महिना अघि मृतक पोखरेलकी ५० वर्षिया आमा कल्पनाले आत्महत्या गरेकी थिइन । रोजगारीका



शिलशिलामा विदेशमा रहेका ईश्वर आमाको मृत्युको खबर पाए पछी किरियाका लागि घर फर्केका थिए ।

स्थानीयका अनुसार अघिल्लो दिन साँझ मंगलवार विश्वकर्मा पूजाको अवसर पारेर गाउँमा सास्कृतिक कार्यक्रमको आयोजना गरिएको थियो । त्यहाँ यूवाहरुको दुई समूह बीच झडप भएको स्थानीयहरु बताउँछन । यद्धपी झडपमा पोखरेलको संलग्नता भए/नभएको खुल्न सकेको छैन ।

इलाका प्रहरी कार्यालय कंचनपुरका डिएसपी महेन्द्र नेपालले पोखरेलको शव पोस्टमार्टमा लागी गजेन्द्र नारायण सिह अस्पताल पुऱ्याई घटनाबारे सुक्ष्म अनुसन्धान भईरहेको बताए ।

केही दिन कै फरकमा आमा/छोराको रहस्यमय मृत्यु भएपछी आफन्तका साथै स्थानीय शोकमा डुबेका छन ।

## साझाको बृहत पुस्तक प्रर्दशनी सुरु




**दैनिक समाचारदाता**
**राजविराज, २ असोज ।**

"कालजयी कृति, पाठकका निम्ति" भन्ने नाराका साथ साझा प्रकाशनले सम्पूर्ण शाखाहरुमा विशेष पुस्तक प्रदर्शनी सुरु गरेको छ ।

पठन संस्कृतीको विकास गर्ने उद्देश्यले साझा प्रकाशनको राजविराज शाखामा बुधबार मधेश प्रदेशका सांसद एंव पूर्व शिक्षामन्त्री महेश प्रसाद यादवले रिबन काटेर प्रर्दशनीको उद्घाटन गरेका छन ।

सो अवसरमा पूर्वमन्त्री यादवले प्रर्दशनीबाट स्थानीयस्तरको शैक्षिक गुणस्तर सुधारमा मद्दत पुग्ने बताए । पठन संस्कृती हराउँदै गएको वर्तमान समयमा पुस्तक प्रर्दशनीले ठूलो योगदान पुऱ्याउने उनले बताए ।

असोज १५ सम्म चल्ने प्रर्दशनीमा विभिन्न विधाका ६ हजार थान पुस्तकहरु राखिएको छ । उक्त पुस्तकमा २० देखि ४० प्रतिशत सम्म छुटको व्यवस्था मिलाइएको आयोजक संस्थाले जनाएको छ ।

साझा प्रकाशन नेपालको पुरानो प्रकाशन गृह हो । यस संस्थामा नेपाल सरकारको ६० प्रतिशत र बाँकी ४० प्रतिशत शेयर साहित्यकार, पत्रकार, शिक्षासेवीसहित सर्वसाधारणको छ ।

## राजविराजका सार्वजनिक र धार्मिक स्थलको सफाई



**दैनिक समाचारदाता**
**राजविराज, २ असोज ।**

संविधान दिवसको अवसर पारेर संविधान दिवस मुल समारोह समितिले बुधवार नगरको सार्वजनिक महत्व तथा धार्मिक लगायतका स्थलको सरसफाई गरेको छ ।

तीन दिवसीय कार्यक्रम अन्तर्गत अघिल्लो दिन मंगलवार प्रभातफेरी कार्यक्रमको आयोजना गरेको संविधान दिवस मुल समारोह समीतिको अगुवाईमा दोश्रो दिन सरसफाई कार्यक्रमको आयोजना गरिएको हो ।

विविध र रचनात्मक कार्यक्रम गरी मनाउने निर्णय गरेको समितिले बुधवार एकै दिन नगरको भगवती मन्दिर, हनुमान मन्दिर, हरिनन्देश्वर मन्दिर परिसरका साथै गजेन्द्र चौक र नेता चौकको सरसफाई गरेको हो ।

सरसफाईमा जिल्ला समवन्वय समितीका प्रमुख शिव नारायण साह, प्रमुख जिल्ला अधिकारी मेख बहादुर मंग्राती, राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परवीन, जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रमुख गजुसिद्धी बज्राचार्य, वरखगणका गणपती रमेश पाण्डेय, राष्ट्रिय अनुसन्धानका प्रमुख सुरेन्द्र कोइरालाका साथै नेपाल तथा सशस्त्र प्रहरी र नेपाली सेना पनि सक्रिय सहभागी भए ।

असोज ३ गते संविधान दिवस विशेष समारोह गर्ने, शहिद परिवार र घाईतेलाई सम्मान तथा साझ दीप प्रज्जवलन गर्ने लगायतका कार्यक्रम रहेको मुल समारोह समितिले जनाएको छ ।

## लोकतन्त्र, मानव अधिकार, समानता र समृद्धिको आगामी यात्रामा जुट्न सबैलाई आह्वान

काठमाडौं, २ असोज (रासस) ।

मन्त्रिपरिषद्का पूर्वअध्यक्ष एवं पूर्वप्रधानन्यायाधीश खिलराज रेग्मीले संवैधानिक अभ्यास, अनुभव र कार्यान्वयन पक्षका कमीकमजोरीलाई केलाउँदै लोकतन्त्र, मानव अधिकार, समानता र समृद्धिको आगामी यात्रामा जुट्न सबैलाई आह्वान गर्नुभएको छ ।

संविधान दिवस-२०८१ को पूर्वसन्ध्यामा दिनुभएको शुभकामना सन्देशमा पूर्वअध्यक्ष रेग्मीले परिणाममुखी कामले मात्र जनआकाङ्क्षा पूरा हुने भएकाले संविधान लक्षित उद्देश्यतर्फ अघि बढन सुझाव दिनुभयो । "स्थिरता, जनसहभागिता, प्राप्त हकअधिकारको संरक्षण र समृद्धि संवैधानिक मार्गचित्र भएकाले यसको सम्बर्द्धन गर्नु आजको लोकतन्त्रको सारभूत विषय हो । हाम्रा सबै क्रियाकलाप यसतर्फ केन्द्रित हुनुपर्दछ", उहाँले भन्नुभयो ।

## इटहरीमा सुरुभयो बिजुली बस सेवा

सुनसरी, २ असोज (रासस) ।

नगरवासीको सुविधालाई दृष्टिगत गरी इटहरी उपमहानगरपालिकाले बुधबारदेखि चारवटा विद्युतीय बसबाट सेवा सुरु गरेको छ ।

इटहरी उपमहानगरपालिकाका प्रमुख हेमकर्ण पौडेलका अनुसार इटहरीका चारवटै क्षेत्रलाई समेटेर बस सञ्चालनको 'रुट' तयार गरी सेवा सुरु भएको हो । सडक सञ्जाल विस्तार भए पनि इटहरीका सबै क्षेत्रमा सार्वजनिक यातायात नियमित रुपमा उपलब्ध नभएकाले नगरवासीको यात्रालाई सुविधाजनक बनाउने प्रयासस्वरुप सेवा प्रारम्भ भएको हो ।

नगर क्षेत्रमा बिहान ७ देखि ११ बजेसम्म र अपराह्न २ देखि साँझ ७ बजेसम्म नियमित सञ्चालन गरिने उक्त सेवाका निम्ति हाललाई रु २० तोकिएको छ । गत साउन २२ गते रु छ करोड ३६ लाख ८६ हजारमा उपमहानगरपालिकाले खरिद गरेको हो । अपाङ्गता भएका व्यक्तिहरू पनि यी बसमा सहजरूपमा यात्रा गर्नसक्ने छन् ।

**संबिधान दिवस भब्य रुपमा मनाऔं**

- नेपालको संबिधान जारी भएको दिन असोज ३ गते संबिधान दिबस राष्ट्रिय उत्सवका रुपमा मनाऔं ।
- संघ, प्रदेश र स्थानीय तहमा विविध कार्यक्रमको आयोजना गरौं, संबिधान दिवसको महत्व बढाऔं ।
- प्रत्येक नागरिकले असोज २, ३ र ४ गते घर-घरमा राष्ट्रिय झण्डा फहराऔं, दीपावली गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### संविधान दिवस

असोज ३ गते नेपालको संविधान जारी भएको खुशियालीमा सार्वजनिक बिदा दिने गरिन्छ। विसं २०७२ साल असोज २ गते संविधान जारि भएपछि सरकारले असोज ३ गते सार्वजनिक बिदा दिने गरेको हो। यस दिन मुलुकले संघीय लोकतन्त्रको संविधान पाएको दिन हो। विगत ९ वर्षदेखी यस दिनलाई संविधान दिवसको रुपमा मनाइदै आइरहेको छ।

तर, मधेश केन्द्रित दलहरु यस दिनलाई कालो दिनको रुपमा मनाउँदै आएका छन्। जारि संविधानमा त्रृटी रहेको भन्दै लोसपा नेपालले यस दिवसलाई कालो दिनको रुपमा सार्वजनिक कार्यक्रम गरेरै बिरोध सभा गर्दै आइरहेको छ। तर, अर्को मधेश केन्द्रित दल जसपाले पनि संविधानप्रति असन्तुष्टि जनाउँदै सरकारीस्तरबाट मनाउने औपचारिक कार्यक्रममा सहभागि नभई र कुनै बिरोधका कार्यक्रम समेत नगरि मौन बस्दै आएको छ।

जबकी संविधान संशोधन गरेर ती असन्तुष्ट हटाउने प्रावधान समेत रहेको छ। तर यसप्रति कसैको चासो देखिदैन्। असोज ३ गते आयो भने मात्र कसैले खुशियालीमा त कसैले बिरोधमा जुलुस निकाल्ने काम गरिहरेको छ। यो कति दिनसम्म चल्ने हो ! सोही संविधान मातहतमा ती असन्तुष्ट दलहरु विभिन्न राजनीतिक क्रियाकलापमा सहभागि हुन्छन्। र निर्वाचन प्रणालीमा समेत सहभागिता जनाउँछन् अनि सरकारमा पनि सहभागि हुन्छन्।

तसर्थ वर्तमान संविधानप्रति मुलुकका राजनीतिक दलहरुले देखाएको असहमतिप्रति सरकार गम्भिर बन्नु जरुरी छ। राजनीतिक दलहरुले संविधानमा रहेका त्रृटीलाई सच्याएर अगाडी बढ्नेप्रति गम्भिर हुनुपर्ने आवश्यकता रहेको छ। अनिमात्र संविधान सम्पूर्ण नेपालीको साझा बन्ने कुरामा दुइमत नहोला।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# संविधानको कार्यान्वयनको अन्तर : संघ प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध

**खिमलाल देवकोटा**
काठमाडौँ, २ असोज (रासस)।

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले तीन तहको संरचना कायम गरेको छ। एकात्मक शासन व्यवस्थाबाट नेपाली जनताका अपेक्षा पूरा भएनन् भन्ने निष्कर्षका आधारमा सङ्घीय संरचना अवलम्बन गरिएको कुरामा विवाद छैन। सङ्घ प्रदेश र स्थानीय गरी तीन तहका संरचनाका विचमा संविधानले नै अधिकारको बाँडफाँट गरेको अवस्था छ। तीनै तहका बीचमा समन्वय र अन्तरसम्बन्धका बारेमा पनि संविधान र कानुनी बन्दोवस्त गरिएको छ। यतिका बन्दोवस्तका बाबजुद पनि पर्याप्त समन्वय र अन्तरसम्बन्धका बारेमा प्रश्नहरू उठेका छन्। ती प्रश्नहरूलाई विद्यामान संरचना र तिनको कृयाशीलताले समाधान गर्न सम्भव छ भन्ने सकारात्मक सोचका साथ यो छलफलपत्र तयार गरिएको छ। यस पत्रमा संवैधानिक व्यवस्था, संविधानका आधारमा वनेका कानुनी व्यवस्था र तिनले सिर्जना गरेका विभिन्न संयन्त्रहरू र तिनको प्रभावकारी कार्यान्वयनका वारेमा चर्चा गरिएको छ।

**संविधानको भाग ५ को व्यवस्था**

तीन तहको अन्तरसम्बन्धका बारेमा संवैधानिक व्यस्थाको जानकारीका लागि संविधानको भाग ५ र भाग २० सम्बन्धित छन्। संविधानको भाग ५ मा राज्यको संरचना र राज्य शक्तिको स्रोतका बारेमा स्पष्ट गरिएको छ। संविधानको धारा ५६ मा सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको राज्य संरचना सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको हुनेछ। तीनै तहले राज्य शक्तिको प्रयोग यो संविधान र कानुन वमोजिम गर्नेछन् भन्दै राज्य शक्ति भन्नाले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकासम्बन्धी अधिकार सम्झनुपर्छ।यो शब्दले अवशिष्ट अधिकार समेतलाई जनाउनेछ भन्ने संविधानको धारा ३०६ ले स्पष्ट गरेको छ।

संविधानको धारा ५७ मा राज्य शक्तिको वाडफाँटको व्यवस्था गरिएको छ। यस अनुसार अनुसूची ५ सङ्घ, छ प्रदेशको एकल अधिकारको व्यवस्था छ भने अनुसूची ७ मा सङ्घ र प्रदेशको साझा अधिकारको व्यवस्था गरिएको छ। यसै गरी अनुसूची ८ मा स्थानीय तहको एकल अधिकारको व्यवस्था छ भने अनुसूची ९ मा तिनै तहको साझा अधिकार भनी बाँडफाँट गरिएको छ। एकल र साझा अधिकारको सूचीको विस्तृतीकरण मन्त्रिपरिषदले गरेर अझै स्पष्ट पार्ने कोशिस समेत गरेको छ। विगत वर्षका अनुभवका आधारमा यसलाई अझ प्रष्ट गर्न कार्य विस्तृतीकरणको पुनरावलोकन समेत गरेको अवस्था छ।

**संविधानको भाग २० को व्यवस्था**

सङ्घ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्धका वारेमा संविधानको भाग २० ले सुस्पष्ट व्यवस्था गरेको छ। यस भागअन्तर्गत धारा २३१ देखि २३७ सम्म विभिन्न व्यवस्थाहरू गरिएको छ। यसमध्ये धारा २३१ व्यवस्थापकीय अन्तरसम्बन्धका वारेमा व्यवस्था गर्दै प्रदेशहरूले एकै प्रकृतिका विषयमा कानुन निर्माण गर्नपर्दा नेपाल सरकार समक्ष अनुरोध गर्न सक्ने व्यवस्था छ भने धारा २३२ मा सङ्घ, प्रदेश र स्थानीय तहको बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ भनिएको छ। यसैगरी सङ्घीय सरकारले सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा स्वाधिनताका विषयमा आवश्यक निर्देशन दिन सक्ने र सो निर्देशन पालना गर्न पर्ने व्यवस्थाका अतिरिक्त यिनै आधारमा प्रदेश सरकारलाई सचेत गराउने, निलम्बन गर्ने वा विघटन गर्ने समेतको अधिकारका बारेमा व्यवस्था गरिएको छ। यसैगरी स्थानीय तहलाई पनि निर्देशन दिनसक्ने व्यवस्था गरिएको छ।

धारा २३३ मा प्रदेश प्रदेशका बीचको सम्बन्धको व्यवस्था गरिएको छ। यसमा एक प्रदेशले अर्को प्रदेशको कानुनी, न्यायिक वा प्रशासनिक निर्णय वा आदेशको कार्यान्वयनमा सहयोग र समन्वय, परामर्श र सूचना आदानप्रदानका बारेमा उल्लेख छ। यसका साथै सबैलाई समान सुरक्षा, व्यवहार र सुविधा उपलव्ध गराउनपर्ने कुरा पनि व्यवस्था गरिएको छ।

धारा २३४ अन्तर प्रदेश परिषद्का बारेमा व्यवस्था छ। राजनीतिक विवाद समाधान गर्न प्रधानमन्त्रीको अध्यक्षतामा सङ्घका गृह र अर्थमन्त्रीका साथै प्रदेशका मुख्यमन्त्री समेत रहेको संरचनाको परिकल्पना गरिएको छ। धारा २३५ मा सङ्घ, प्रदेश र स्थानीय तह बीचको समन्वय कायम गर्न सङ्घीय संसदले आवश्यक कानुन बनाउनेछ भन्ने व्यवस्था वमोजिम सङ्घ, प्रदेश र स्थानीय तह अन्तरसम्वन्ध तथा समन्वय) ऐन २०७७ पारित भै कार्यान्वयनमा छ। यसैगरी २३४(२) मा प्रदेश र स्थानीय तहका बीचमा समन्वय र राजनीतिक विवाद समाधान गर्ने जिम्मेवारी भने प्रदेशसभालाई नै सुम्पिएको छ।

धारा २३६ मा अन्तर प्रदेश व्यापारको व्यवस्था गर्दै अन्तर प्रदेश व्यापारमा कुनै बाधा अवरोध गर्न कर वा दस्तुर लगाउन वा भेदभाव गर्न नपाइने व्यवस्था गरिएको छ भने धारा २३७ मा धारा १३७ वमोजिम गठित संवैधानिक इजलासको अधिकार क्षेत्रमा कुनै असर नपर्ने गरी स्पष्ट गर्ने समेत काम गरिएको छ।

**सङ्घ प्रदेश र स्थानीय तह-अन्तरसम्बन्ध तथा समन्वय) ऐन २०७७**

सङ्घ प्रदेश र स्थानीय तह-अन्तरसम्बन्ध तथा समन्वय) ऐन २०७७ ले विभिन्न व्यवस्थाहरू गरेको छ। ऐनको परिच्छेद २ मा अन्तरसम्बन्धका आधार, परिच्छेद ३ मा कानुन तथा नीति बनाउँदा विचार गर्न पर्ने कुरा, परिच्छेद ५ मा एकल अधिकार र परिच्छेद ६ मा साझा अधिकारको कार्यान्वयनका बारेमा उल्लेख गर्दै सङ्घ तथा प्रदेश र स्थानीय तहवाट कार्यान्वयन हुने विषयका बारेमा समेत व्यवस्था गरिएको छ। समन्वय र परामर्श गर्न पर्ने आयोजना कार्यान्वयनका वारेमा आवश्यक पर्ने कुराहरू लगायतका सहयोग र समन्वय गर्न पर्ने बारेमा व्यवस्था गरिएको छ।

समन्वयका लागि उच्चस्तरीय संयन्त्रका रूपमा प्रधानमन्त्रीको अध्यक्षतामा प्रदेश र स्थानीय तहका प्रतिनिधि समेत रहेको राष्ट्रि ीय समन्वय परिषदको व्यवस्था गरिएको छ भने सो परिषद मातहत विशेष समिति र विषयगत समितिहरूको समेत व्यवस्था गरी विषयगत रूपमा समेत समन्वय गर्न सहज होस् भन्ने हेतुले स्थायी प्रकृतिका संयन्त्रको समेत व्यवस्था गरिएको छ। प्रदेश स्तरमा समन्वय गर्न प्रेदश समन्वय परिषद समेतको व्यवस्था तिनको काम कर्तव्य र अधिकारसहित ऐनले गरेको छ। परिच्छेद ५ मा विवाद समाधानका वारेमा विस्तृत रूपमा उल्लेख गरिएको छ।

**अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४**

यसरी संविधानको भाग ५, भाग २० र समन्वयसम्बन्धी कानुन समेतका व्यवस्थाले सङ्घ, प्रदेश र स्थानीय तहका बारेमा समन्वय र अन्तरसम्बन्ध कायम गर्नका लागि आवश्यक विषयहरू, संयन्त्रहरू र समन्वय कायम गर्ने तरिका र माध्यमका बारेमा समेत व्यवस्था गरेको पाइन्छ। यसका अतिरिक्त आर्थिक मामलामा समन्वय गर्नका लागि अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ३३ मा नेपाल सरकारका अर्थमन्त्रीको अध्यक्षतामा प्रदेशका अर्थमन्त्री र स्थानीय तहका समेत प्रतिनिधि रहने गरी अन्तरसरकारी वित्त परिषद्को व्यवस्था गरेको छ। सो परिषदको बैठक प्रत्यक वर्षको चैत्र महिनामा कम्तिमा एकपटक र अरु बेला संयोजकले तोकेको स्थान र मितिमा हुने गरी आर्थिक मामलाको समन्वयको वन्दोवस्त गरेको छ।

**समन्वय र अन्तर सम्वन्धका वारेका संयन्त्रहरू**

समन्वय र अन्तर सम्बन्धका बारेमा संविधान र कानुनहरूमा आवश्यक संयन्त्रहरू विभिन्न प्रकारका रहेका छन्। अन्तर प्रदेश परिषद (राजनैतिक विवाद समाधान गर्न), संवैधानिक इजलास (कानुनी र संवैधानिक विवाद समाधान गर्न), प्रदेश सभा (स्थानीय तह, प्रदेश र स्थानीय तहका बीचमा समन्वय तथा राजनैतिक विवाद समाधान गर्न), राष्ट्रिय समन्वय परिषद् (सङ्घ प्रदेश र स्थानीय तहका बीचमा अन्तरसम्वन्ध तथा समन्वय कायम गर्न), अन्तर सरकारी वित्त परिषद् ( सङ्घ, प्रदेश र स्थानीय तहका बीचमा आर्थिक समन्वय कायम राख्न), विषयगत समिति तथा विशेष समितिहरू (समन्वय र अन्तरसम्वन्ध कायम राख्न आवश्यक पर्ने विषय र विशेष कामका लागि गठित तथा गठन हुने समितिहरू) गठन हुने व्यवस्था छ। सो व्यवस्था वमोजिम प्रायः सबै समितिहरू अस्तित्वमा छन् तर तिनको प्रभावकारी कार्यान्वयन त कता हो कता बैठकसम्म बस्न नसकेको नबसेको वा नबसाएको अवस्था छ।

**निष्कर्ष र सुझाव**

उपरोक्त संवैधानिक व्यवस्था, कानुनी बन्दोवस्त र सो वमोजिम गठित संयन्त्रहरूको प्रभावकारी कार्यान्वयन आजको आवश्यकता हो। भैरहेका बन्दोवस्तलाई प्रभावकारी बनाउने र गठित संयन्त्रहरूलाई कृयाशील बनाउँदै सङ्घ, प्रदेश र स्थानीय तहका बीचमा अन्तरसम्बन्ध र समन्वयलाई कामयावी बनाउन संविधान कानुन वमोजिम गठित निकाय र तिनका पदाधिकारीहरूमा इमानका साथ काम गर्ने परम्पराको थालनी गर्नसके संविधान कार्यान्वयनमा फडको मार्न सकिन्छ। (लेखक संविधानसभा सदस्य तथा वरिष्ठ अधिवक्ता हुनुहुन्छ)

लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

लक्षण
- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु।
- अत्याधिक टाउको दुख्नु।
- शरीरमा राता बिमिराहरु आउनु।

*यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।*

बच्ने उपाय
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।

अग्निसाइर कृष्णासवरण गाउँपालिकाको कार्यालय, सप्तरी

लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

लक्षण
- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु।
- अत्याधिक टाउको दुख्नु।
- शरीरमा राता बिमिराहरु आउनु।

*यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।*

बच्ने उपाय
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।

कंचनरुप नगरपालिकाको कार्यालय, सप्तरी

# संविधान कार्यान्वयन र जनअपेक्षा

**कल्याण श्रेष्ठ**
काठमाडौं, २ असोज (रासस)।

नेपालको संविधान जारी भएको नौ वर्ष भयो। करिब एक दशकको अवधि भनेको सबैभन्दा धेरै उत्पादनशील, लाभदायक र अनुभाव हाँसिल गर्ने महत्वपूर्ण अवधि हो। त्यो उपलब्धि हासिल भयो कि भएन भनेर मूल्याङ्कन गर्नुपर्ने अहिलेको अवधि हो। संविधान कार्यान्वयन त भइरहेको छ। संविधान कार्यान्वयनका लागि पहिलो आधारभूत कुरा निर्वाचन हो। दोस्रो निर्वाचनसम्म भइसक्यो। निर्वाचनले जनताको आकांक्षाको आवश्यकताको अनुभूतिको प्रतिविम्बस्वरुप परिणामहरू दिनुपर्थ्यो तर निर्वाचनले कसलाई सरकार बनाउने जनादेश दिएको भन्ने प्रष्टसम्म पनि पार्न सकेन। निर्वाचनमा प्रष्ट बहुमत कसलाई भन्ने भएन। मिलीजुली सरकार बनाउँदाखेरि दलहरूको निकटतम् हिसाबले बनाउनुपर्ने हो।

दलहरूको आफ्नो राजनीतिक धर्म, दर्शन, नीति सिद्धान्त र कार्यक्रमहरू हुन्छन्। ती कार्यक्रम र सिद्धान्तअनुसार सरकार बन्नुपर्ने हो। सरकार बनाउने बेलामा कम्युनिष्ट होस् कि काँग्रेस होस् कि राप्रपा होस् कि जनमत होस्, सिद्धान्तहरूमा आकाश/पाताल अन्तर पर्ने तर सरकार बनाउन भने सहमत हुनेलाई कसरी हेर्ने? निर्वाचन प्रणाली, राजनीतिक दलहरूको विकास र जनताले दिएका अभिमतको तालमेल केही पनि देखिदैन। सिद्धान्तहीन राजनीति चलेको देखियो। धेरै दल भए पनि बहुदल भन्नुपर्‍यो। सरकार निर्माणको शैली, एकले अर्कालाई सहजरूपमा स्वीकार गरेको देखियो। यसरी हेर्दा रूपमा बहुदल मनमनमा निर्दल त कहीँ हुर्किएको छैन भन्ने अवस्थासम्म पुगेको छ। अर्थात बहुदलीय राजनीतिक प्रजातान्त्रिक संस्कृति निर्माण गर्नमा अहिलेको संवैधानिक प्रयासहरू या यथेष्ट भएनन् वा ठीक दिशातर्फ निर्देशित भएनन्। सही परिणाम निकाल्न सकेको अवस्था छैन।

सङ्घीयताको कुरा गर्दा अपूर्ण कार्यान्वयन भयो। सङ्घीय सरकार केन्द्रीयतावादी देखिएको छ। स्थानीय तह अपेक्षाकृत स्वतन्त्र र अधिकार सम्पन्न देखिन्छ तर दायित्व कार्यान्वयन गर्न सक्ने क्षमता सम्पन्न देखिदैन। प्रदेश सरकारलाई स्थानीय सरकारले नटेर्ने र सङ्घीय सरकारले नसुन्ने र उपेक्षाको अवस्थामा गुज्रेको देखिन्छ। एक्लै केही गर्न नसक्ने अवस्थामा रहेको छ। अधिकारको विनियोजन अपूर्ण भएको छ। अहिलेसम्म आधारभूत निजीमती ऐन, प्रहरी ऐनलगायत धेरै ऐन बनाइएको छैन। संविधानले सोचजस्तो दिशामा देखिदैन। जनतामा सङ्घीयताप्रति नै विस्तृणा आउने हो कि भन्ने भय रहेको देखिन्छ।

संविधानको सबैभन्दा महत्वपूर्ण सिद्धान्त समावेशीता हो। जनसङ्ख्याको समानुपातिकको समावेशीता भनियो। हामीलाई इतिहासदेखि नै पछाडि पारिएका, भेदभावमा परेको, मौका नपाएका, हिंसामा परेका वर्गलाई माथि उठाउनुपर्ने थियो। अस्थायी रूपमा विशेष अवसर दिएर क्षमता अभिवृद्धि गरेर समान हैसियतमा ल्याउनु थियो। राजनीतिक दलले जनसङ्ख्याको अनुपातको आधारमा सिटको बाँडफाँट गर्ने काम गर्‍यो। हेर्दा दलित र महिला पनि परेको देखियो तर जनसङ्ख्याको अनुपातमा गरेर हेर्दा हिजोको शासक वर्गले नै समावेशीताको लाभ लिएको छ। राणा, शाह वा खस आर्यले नै समानुपातिकमा प्रतिनिधित्व गरिरहेका छन्। तोकिएको वर्गभित्र पनि पहुँचवालाको प्रतिनिधित्वको सुनिश्चित भएको छ।

संविधानको सबैभन्दा ठूलो सिद्धान्त नै समान मैदानमा समान हैसियतले खेल्नसक्ने हैसियतमा पुर्‍याउनु पर्ने सिद्धान्त हो तर लाभान्वित वर्गको हितका लागि प्रयोग भयो। भ्रष्टाचार, स्वार्थ र षड्यन्त्रको शिकार भयो। समावेशीले उच्च मूल्य मान्यता र मर्यादा दिनुपर्ने थियो। जुन वर्ग लाभान्वित हुनुपर्ने थियो तर त्यो हुन सकेन। प्रजातन्त्रको महत्वपूर्ण कुरा समानताको सिद्धान्त हो। कानुनको अगाडि समानता, कामको सम्मान संरक्षण, कानुनको अधिनमा रहेर लाभहरूको समान वितरण भएन। सम्भ्रान्त वर्ग केन्द्रित लाभहरूको वितरण भयो। विकासले समानता स्वच्छ र उत्पादनशीलतको सम्बर्द्धन गर्नुपर्ने थियो। संविधानले दिने भनेको सुशासन, समान प्रतिष्ठाको संरक्षण र राजकीय निर्णय प्रक्रियामा समान सहभागिता राख्ने हुनुपर्छ। ती प्रक्रियाहरू स्वच्छ, समान, विवेकशील र पारदर्शी हुनपर्छ। तर हुन सकेन। संविधानमा सन्तुलन र नियन्त्रणका कुराहरू लेखिएको भए पनि शक्तिपृथकीकरण सिद्धान्तभन्दा पनि त्यसको दुरुपयोग गर्ने बढी गरेको देखियो।

सङ्घीयता कार्यान्वयनमा नभई नहुने कानुन पनि अहिलेसम्म बनेका छैन। दश वर्षसम्म कानुन बनेर पनि कार्यान्वयन भएर समीक्षा गर्ने अवधि भइसकेको छ। मौलिक हक, निजामती ऐन, प्रहरी ऐनजस्ता अन्य धेरै ऐनहरू अझै बन्न सकेको छैन। संसद बस्छ। अधिकांश समय राजनीतिक गफ गर्छ। विधायिका अनुपादक बन्दै गएको छ। विधायिकाले ऐनहरू समयमा नबनाएपछि कार्यपालिकाको स्वच्छन्दता बढ्दै जाने हुन्छ। कानुन नभएपछि कार्यपालिका आफ्नो विवेकले चल्ने भयो। विधिको शासनमा मुलुक चल्नुपर्नेमा तदर्थवादी ढङ्गबाट शासन व्यवस्था चल्दै गएको छ। अध्यादेशमार्फत कानुन ल्याउने अनि अदालतमा मुद्दा आउने भएको छ। अदालतले पनि समयमा निर्णय गर्न नसकेको देखिन्छ। यसले हामीले कस्तो किसिमको कानुनको शासनको परिकल्पना गरेको हौं? भन्ने प्रश्न उब्जेको छ।

न्यायपालिकाको संविधान कार्यान्वयन भए नभएको हेर्ने हो। तर कानुन बनाउने विधायिकाले हो। न्यायपालिका आफैँले संविधान कार्यान्वयन गर्ने होइन। कार्यान्वयन सही ढङ्गले कार्यान्वयन भयो कि भएन भनेर हेर्ने हो। विधायिका अनुत्पादक भएर जाने, सरकार चाहिँ विधायिकासँग साझेदार गरेर राम्ररी काम गर्न नसक्ने अनि न्यायापालिकाले कानुन आफैँले बनाउने होइन। कानुन बनाउ भनेर आदेश दिने हो, ध्यानाकर्षण गराउने हो। जुन खालका मुद्दाहरू अदालतमा आउने गर्छन्, अदातलमा आउने मुद्दाको अनुहार हेरेर पनि थाहा हुन्छ कि तिनीहरू अधिकांश कानुन बनाउन भनेर आउँछन्। निर्वाचन मुद्दा, भ्रष्टाचार मुद्दा लामो समयसम्म अनिर्णय रहने गर्दछ। न्यायाधीश नियुक्ति प्रक्रिया समयमा नहुँदा मुद्दाको समयमा निर्णय हुन सकेको छैन। अदालतमा मुद्दाहरू हुँदा संवैधानिक आयोगहरू पनि शिथिल अवस्थामा छन्। सबै कुरा शिथिल भएको अवस्थामा यो संविधानले कसरी काम गर्न सक्छ?

संविधानको उद्देश्य, मूल्य, मान्यता त ठूलो छ तर त्यसलाई रुपान्तरण गर्नसक्ने अङ्गहरू, आयोगहरू भएनन्, स्रोत र साधनको विनियोजन भएन र आवश्यक वातावरण भएन भने जनतामा निरासा आउने गर्दछ। राज्यका अङ्गहरूबाट जनताले अपेक्षा गरेका कुराहरूको सम्बोधन भएको देखिदैन। युवा जमातमा त विदेश जाने प्रवृत्ति बढेको छ। देशमा बसौँबसौँ लाग्ने वातावरण बन्न सकेको छैन। देशमा भविष्य छ भनेर सोच्न लगाउने अवस्था छैन। त्यसले गर्दा पूँजी, ज्ञान, ऊर्जा र सपना पलायन भयो। युवाहरू विदेश जानै हुँदैन भन्ने होइन तर विदेश जाने भनेको क्षमता र पूँजी बृद्धि गर्नका लागि हुनुपर्ने थियो। आफू जन्मेको भूमिको गुन तिर्नुपर्ने थियो तर गएकाहरू फर्किँदैनन् कि भन्ने डर छ।

संवैधानिक प्रणालीले जुन नजिता दिनुपर्ने थियो। त्यो नतिजा दिन सकेको छैन। यो निरासा आउन नदिनका लागि स्वयं संवैधानिक व्यवस्था र सरकारका सम्पूर्ण अङ्गहरू, सरकारी निकायमा बसेका पदाधिकारीहरू जिम्मेवारी हुनुपर्ने हुन्छ। यी ती निकाय र जिम्मेवार पदाधिकारीहरूले सही ढङ्गबाट काम गर्न नसक्दा संविधानले जस्तो नजिता दिनुपर्ने हो, त्यो दिन सकेको छैन। अब पनि यस्तो अवस्था रहनु हुँदैन। अब नजिता नदिएर बसिरहने र निरन्तरता पाउने छुट छैन। संविधानको उद्देश्य हासिल गर्नुपर्छ। सबैले त्यो स्थितिका बारेमा सोच्नुपर्छ।

संविधान आफैँ कार्यान्वयन हुने होइन। संविधान कार्यान्वयन सरकार र जनताले नै गर्ने हो। संविधान कार्यान्वयन कमजोर हुने तर सरकार बलियो भइरहने गर्नाले जनता निरासा जाग्दछ। सबैले संविधान कार्यान्वयन गरेर जनतामा आशा जगाउन र संविधानको सम्भार गर्नुपर्छ। संविधानको सफल कार्यान्वयन गरी चेतना जगाउने खालको परिस्थितिको निर्माण गर्नुपर्छ। संविधानको कार्यान्वयन अवस्थालाई समीक्षा गरेर अहिलेको अवस्थालाई सुधार गर्नुपर्छ। (प्रस्तुत विचार पूर्वप्रधानन्यायाधीश श्रेष्ठसँग रासस सम्वाददाता कालिका खड्काले गर्नुभएको कुराकानीमा आधारित)


## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**
- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु।
- अत्याधिक टाउको दुख्नु।
- शरीरमा राता बिमिराहरु आउनु।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।***

**बच्ने उपाय**
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।

**सप्तकोशी नगरपालिकाको कार्यालय, सप्तरी**



## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**
- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु।
- अत्याधिक टाउको दुख्नु।
- शरीरमा राता बिमिराहरु आउनु।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।***

**बच्ने उपाय**
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।



**बोदेबरसाइन नगरपालिकाको कार्यालय, सप्तरी**


# विश्व समाचार

## जम्मु-कस्मिरमा विधानसभा निर्वाचनअन्तर्गत पहिलो चरणको मतदान सुरु

श्रीनगर, भारत, २ असोज (रासस/एएफपी)।

भारत प्रशासित जम्मु-कस्मिरमा दश वर्षपछि बुधबार विधानसभा निर्वाचनअन्तर्गत पहिलो चरणको मतदान सुरु भएको छ। सन् २०१९ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारद्वारा जम्मु-कस्मिरको विशेष दर्जा हटाइयो र केन्द्र शासित दुई प्रदेश सिर्जना गरिएको थियो। त्यसबेलादेखि सङ्घीय रूपमा नियुक्त गभर्नरले यस क्षेत्रलाई नियन्त्रण गर्दै आएका छन्। एक दशकमा भएको पहिलो विधान सभाको निर्वाचनलाई धेरैले व्यावहारिक नीतिभन्दा आफ्नो लोकतान्त्रिक अधिकारको प्रयोगका रूपमा हेरेका छन्।

श्रीनगरको मुख्य सहर नजिकै पुल्वामामा मतदान गर्ने पहिलो मतदाता ३१ वर्षीया नाभिद पाराले भन्नुभयो "दश वर्षपछि हाम्रो आवाज सुनिने भएको छ। म मेरो आवाजको प्रतिनिधित्व गर्न चाहन्छु।" पैतिस वर्षदेखि द्वन्द्वको सामना गरिरहेको जम्मु-कश्मिर क्षेत्रमा करिब ५ लाख भारतीय सेना तैनाथ गरिएको छ। मोदीले जनतालाई "भारी सङ्ख्यामा मतदान गर्न र लोकतन्त्रलाई बलियो बनाउन" आग्रह गर्नुभएको छ। विद्रोहीहरूले स्वतन्त्रता वा पाकिस्तानसँग विलयको माग गर्दै दशकौंदेखि भारतीय सेनासँग लडिरहेका छन्। करिब एक दशकपछि जम्मु-कस्मिरमा तीन चरणमा हुने निर्वाचनलाई मध्यनजर गर्दै प्रदेशभर सुरक्षा व्यवस्था कडा पारिएको छ। जम्मु-कस्मिरमा सेप्टेम्बर २५ मा दोस्रो चरण र अक्टोबर १ मा तेस्रो चरणका मतदान हुनेछन्।

## यागी चक्रवातका कारण ६० लाख बालबालिका प्रभावित : युनिसेफ

बैङ्कक, २ असोज (रासस/एएफपी)।

यागी चक्रवातले निम्त्याएको बाढी र पहिरोका कारण दक्षिणपूर्वी एसियामा करिब ६० लाख बालबालिका प्रभावित भएको युनिसेफले बुधबार जनाएको छ। यागीले दुई हप्ता अघि भियतनाम, थाइल्यान्ड, लाओस र म्यानमारमा शक्तिशाली हावा र भारी वर्षा निम्त्याएको थियो। थाइल्यान्डले बुधबार थप तीन जनाको मृत्यु भएको रिपोर्ट गरे सँगै यस क्षेत्रमा कुल ५३७ जनाको मृत्यु भएको पुष्टि भएको छ। राष्ट्रसङ्घीय बाल एजेन्सी युनिसेफले स्वच्छ पानी, शिक्षा, स्वास्थ्य सेवा, खाना र आश्रयको पहुँच सम्झौताको आधारमा यागीबाट प्रभावित बालबालिकाको सङ्ख्या उल्लेख गरेको हो। कमजोर बालबालिका तथा परिवारहरूले यागीको सामना गर्न बाध्य भएको युनिसेफका पूर्वी एसिया प्रशान्तका क्षेत्रीय निर्देशक जुन कुनुगीले बताउनु भएको छ।

यसै गरी भियतनाममा पिउने पानी र सरसफाइको अभावका कारण करिब ३० लाख मानिसहरु रोगको जोखिममा रहेको युनिसेफले जनाएको छ। म्यानमारमा बाढीका कारण करिब चार लाख मानिसहरू विस्तापित भएका छन्। युनिसेफले यागीले म्यानमारमा गम्भीर मानवीय अवस्था निम्त्याइ सीमान्तकृत समुदायलाई सङ्कटमा धकेलेको उल्लेख गरिएको छ। विश्व खाद्य कार्यक्रमले बुधबार म्यानमारमा यसै हप्ता आपतकालीन प्रतिक्रिया सुरु गरी पाँच लाख मानिसहरूलाई एक महिनाको आपतकालीन खाद्यान्न वितरण गर्ने जनाएको छ। युनिसेफका अनुसार जलवायु परिवर्तन र मानवीय खतराले पूर्वी एसिया र प्रशान्त क्षेत्रका बालबालिकालाई व्यापक असर गर्ने जनाएको छ।

## पेजर विस्फोट हुँदा नौ जनाको मृत्यु, दुई हजार ८ सय घाइते

बेरुत, लेबनान, २ असोज (रासस/एएफपी)।

लेबनानमा इरान समर्थित लडाकु समूह हेजबुल्लाहका सदस्यहरूले एकआपससँग सञ्चार गर्न प्रयोग गर्ने हाते पेजरहरू विस्फोट हुँदा एक बालकसहित कम्तीमा नौ जनाको मृत्यु हुनुका साथै २ हजार ८०० जना घाइते भएका छन्। उक्त विस्फोटबाट क्षती बेहोरेको आतङ्कवादी समूहले इजरायललाई आक्रमणको दोषी ठहराएको छ। इजरायली आक्रमणमा प्रमुख कमाण्डर गुमाएपछि हेजबुल्लाहले आफ्नो सञ्चार सुरक्षाको बारेमा पहिले नै चिन्ता व्यक्त गरेको थियो।मङ्गलबार दिउँसो तीन बजे हेजबुल्लाह सदस्यहरूले बोकेका सयौं पेजिङ सञ्चार उपकरणहरू लेबनानमा विस्फोट हुन थालेका थिए।

हेजबुल्लाहले घटनालगतै इजरायलाई दोष लगाएता पनि इजरायलले भने आक्रमणको बारेमा अहिलेसम्म कुनै टिप्पणी जारी गरेको छैन। लेबनानका केही अस्पतालहरूमा हताहतको सङ्ख्या बढेको स्रोतले जनाएको छ। इजरायलले लेबनानसँगको उत्तरी मोर्चालाई सुरक्षित गर्न प्यालेस्टिनी उग्रवादी समूह हमाससँगको युद्धमा आफ्नो लक्ष्य विस्तार गरिरहेको मङ्लबार घोषणा गरेको थियो।अक्टोबरको आक्रमणपछि इजरायलले प्यालेस्टिनी उग्रवादीले लिएका बन्धकलाई घर ल्याउने र हमासलाई दमन गर्ने वाचा गरेको थियो।

अक्टोबरदेखि हेजबुल्लाहले पनि लेबनान-इजरायल सीमामा इजरायली सेनासँग लगभग दैनिक गोलीबारी गरेको छ। औपचारिक रूपमा युद्धको घोषणा नगरिएता पनि लेबनान मोर्चामा भएको झडपले अधिकाशं लडाकु र सैन्य कर्मचारी सहित सयौंको ज्यान लिएको लिएको छ। हेजबुल्लाहको नजिकको स्रोतका अनुसार विस्फोट भएका पेजरहरू हेजबुल्लाहले भर्खरै आयात गरेको थियो।

# प्रदेश सरकार व्यवस्थापनमा केही समस्या देखिएको छ : मुख्यमन्त्री सिंह

जनकपुरधाम, २ असोज (रासस)।

सङ्घीय शासन व्यवस्था विश्वमा नै सर्वोत्कृष्ट तथा उत्तम शासन व्यवस्था रहकाले यसको कार्यान्वयन पक्षलाई दिगो तथा प्रभावकारी रूपमा अगाडि बढाउनुपर्ने आवश्यकता रहेको छ। शासन व्यवस्था जति उत्तम तथा राम्रो भए पनि कार्यान्वयनमा कमी कमजोरी भएमा असन्तुष्टि बढ्दै जान्छ। नेपालको सन्दर्भमा हेर्ने हो भने २००७ देखि २०७२ सालसम्ममा विभिन्न शासन व्यवस्था लागू भए। संविधान पनि पटकपटक फेरिए तर जनअपेक्षा अनुकूल नभएकाले सविधान पनि टिकेन र शासन व्यवस्था पनि रहेन। यसको मुख्य कारण विश्वको राजनीतिक अवस्था, जनताको आकाङ्क्षा र देशको आर्थिक तथा सामाजिक परिस्थिति हो। त्यसैले शासन व्यवस्थाको कार्यान्वयन पक्ष जनअपेक्षाअनुसार गतिशील रहन आवश्यक हुन्छ।

नेपालमा जनताको ठूलो त्याग र बलिदानी तथा सबैको सहमतिमा २०७२ असोज ३ गते नेपालमा सङ्घीय संरचना लागू गर्नेगरी संविधानसभाबाट नयाँ सविधान निमार्णको घोषणा गरियो। नेपालमा सङ्घीय शासन व्यवस्था लागू भएको नौ वर्ष पुगिसकेको छ। वर्तमान सविधानका आधारमा सङ्घीय संरचनाअनुरुप नेपालमा सङ्घ, प्रदेश तथा स्थानीय तहको गठन तथा सञ्चालन भएको देखिन्छ। तीनवटै निकाय स्वायत, स्वशासन तथा विकेन्द्रित रहेका छन्। तर सङ्घीय सरचना लागू भएको नौ वर्षको अन्तरालमा यसको कुशल कार्यान्वयन नहुँदा विभिन्न टीकाटिप्पणी तथा आरोप र प्रत्यारोप हुने गरेको सुनिन्छ। यसको कारण सङ्घीय संरचनाको प्रभावकारी कार्यावन्यनका लागि सङ्घ, प्रदेश तथा स्थानीय तहमा समन्वयको अभावलाई लिन सकिन्छ। त्यसका लागि अधिकारको बाँडफाँट, ऐन कानुनमा परिवर्तन, स्रोत साधन र सङ्घ सरकारको सोचमा परिवर्तन आवश्यक भएको छ।

संविधान दिवसको सन्दर्भमा मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिहंको कुराकानीमा उहाँ सङ्घीय शासन व्यवस्था उत्कृष्ट शासन व्यवस्था भएको बताउनुहुन्छ। सङ्घीय सरकारले प्रदेश सरकारलाई पूर्ण अधिकार दिएको खण्डमा सरल एवम् सहज वातावरणमा काम गर्न सकिने उहाँको तर्क रहेको छ। सङ्घीय सरकारले प्रदेशको अधिकारको विषयमा सहज रूपमा वातावरण बनाइदिए प्रदेश सरकार बलियो हुने उहाँ बताउनुहुन्छ। 'तथापि अधिकारको अभावका बाबजुद हामी निराश नभई उपलब्ध अधिकारको सही सदुपयोग गरी प्रदेश सरकारलाई समृद्ध बनाउन लागिरहेका छौँ', उहाँको भनाइ छ।

उहाँ भन्नुहुन्छ, "सङ्घीय सरकारले पक्कै छिटो प्रदेशको कानुनी जटिलतालाई सम्बोधन गर्नेमा हामी आशावादी रहेका छौँ।" सविधानले सुनिश्चित गरेका अधिकार मात्र सङ्घले प्रदेशलाई प्रयोग तथा अभ्यास गर्न दिए सङ्घीयता योजनाबद्ध तरिकाले अगाडि बढ्ने उहाँको तर्क रहेको छ। सङ्घीयतापछि प्रदेश र स्थानीय तहमा शिक्षा, स्वास्थ्य, रोजगारी, उद्योग तथा पूर्वाधार निमार्णलगायतका क्षेत्रमा विकासले तीव्रता लिएको त्यसको परिणाम गाउँ-गाँउको मुहानै परिर्वतन भएको सिंहले भन्नुहुन्छ। प्रदेश सरकारले जनताका लागि सबै क्षेत्रमा अत्यावश्यक संरचना तथा संयन्त्र निर्माण तथा तीनलाई प्रभावकारी ढङ्गले सञ्चालमा ल्याएको भन्दै उहाँ अधिकारविहीन अवस्था र सीमित साधनस्रोतका बाबजुद प्रदेशले प्राप्त गरेका ती उपलब्धिलाई कम आङ्कलन गर्न नसकिने बताउनुहुन्छ।

विश्वमा महामारीका रूपमा फैलिएको कोभिडको समयमा प्रदेश र स्थानीय तहले निर्वाह गरेको सफल तथा प्रभावकारी भूमिकाको कारणले हजारौँ नागरिकको ज्यान जोगिएको उल्लेख गर्दै उहाँ भन्नुहुन्छ, "त्यो सङ्कटको बेलामा सङ्घीय सरकारमाथि निर्भर परेको भए परिस्थिति भयावह तथा दुर्भाग्यपूर्ण हुने अवस्था थियो। कोराना महामारीको समयमा नै सङ्घीयताको महत्व र सार्थकता सिद्ध भइसकेको छ।"

उहाँले प्रदेश सरकारलाई पूर्ण अधिकार प्राप्त नभए पनि अधिकार क्षेत्र नरहेको स्थानमा जनताका लागि चाहिने कामहरू गरेर प्रदेश सरकाले आफ्नो बलियो उपस्थिति जनाएको दाबी रहेको छ। उहाँले आधारभूत शिक्षासम्बन्धी अधिकार प्रदेश सरकारको नभए पनि विद्यालयमा भौतिक संरचना निर्माण गरेर गुणस्तरीय तथा सुविधाजनक पठनपाठनमा प्रदेश सरकारले योगदान पुर्‍याएको तथा स्वास्थ्य संस्थाको स्तरोन्नतिका लागि औषधि उपकरणको व्यवस्था गरिरहेको उदाहरणसमेत दिनुहुन्छ। ६० प्रतिशत कर्मचारी सिहंदरबार वरपर नै रहेका छन्।

सङ्घबाट प्रदेशमा कर्मचारी आउँदा सजाय नै दिइएको जस्तो विचार सिर्जना भएको औंल्याउँदै मुख्यमन्त्री सिंह भन्नुहुन्छ, "प्रदेशमा काम गर्न तथा प्रदेशलाई स्थापित गर्न सङ्घीय सरकार पछि हटेकोजस्तो देखिन्छ। प्रदेश तहमा विभिन्न मन्त्रालय रहेका छन्। त्यसले सबै कार्य गरिरहेकाले सिहंदरबारमा २५ मन्त्रालय रहनु असान्दर्भिक भएको भन्दै सङ्घले पाँचदेखि सात मन्त्रालय राखेर काम गर्न सक्दछ। सङ्घीय मन्त्रालयहरूअन्तर्गतका अधिकांश विभागहरूको काम छैन। ती निकायहरूबाट हुने काम प्रदेशले गरिरहकै छ।"

मुख्यमन्त्री सिंह काम गर्दै जाँदा देखिने गलत अभ्यासलाई निरुत्साहित गर्ने तथा कमी कमजोरीलाई सच्च्याउँदै अघि बढनुपर्नेमा जोड दिनुहुन्छ। अधिकारको कुरा गर्दा सङ्घीयताको भविष्यमाथि प्रहार हुने काम भएमा प्रदेश सरकार चुप लागेर बस्न नसक्ने उहाँको भनाइ छ। उहाँ सङ्घीयता विरुद्धको चलखेल भएमा सबै राजनीतिक दल र जनतालाई एकढिक्का भएर लाग्न आग्रह गर्नुहुन्छ।

सङ्घीयता महङ्गो भयो भन्ने कतिपय व्यक्तिको धारणामा टिप्पणी गर्दै मुख्यमन्त्री सिंह भन्नुहुन्छ, "यसको कुनै वैज्ञानिक आधार पुष्टि छैन। जनताको अधिकार सिहंदरबारबाट नभई गाउँबाट प्राप्त हुनुलाई आर्थिक पक्षसँज खाँजेर हेर्नुहुन्न। विश्वमा युक्रेन तथा रुसको युद्ध तथा कोरोना महामारीका समयदेखि विश्वमा आर्थिक सङ्कट छाएकाले सङ्घीयतालाई जोडेर मुलुकमा आर्थिक सङ्कट परेको भन्न मिल्दैन। सङ्घीयता विरोधीहरूले प्रदेशका बारेमा आर्थिक अभावले सङ्घीयता चल्न नसक्ने झुटो प्रचार गरिरहकाले त्यसबाट आतिने अवस्था नरहेको उहाँको भनाइ छ।

सङ्घीय निजामतीसम्बन्धी ऐन नआएकाले पनि प्रदेश निजामती कर्मचारीको व्यवस्थापनमा समस्या रहेको उहाँ बताउनुहुन्छ। अहिले प्रदेश सरकारका पाँचवटा मन्त्रालयमा सचिव छैन र निमित्तको भरमा काम भइरहेको छ। हामीले सुरुदेखि प्रदेशको मातहतमा शान्तिसुरक्षाका लागि नेपाल प्रहरीको सञ्चालन तथा व्यवस्थापन, प्रदेश सचिवको नियुक्ति, सरुवा, वढुवा तथा परिचालन गर्न माग गरिरहेका छौँ तर सुनवाइ भएको छैन। प्रदेश सरकारको सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक बजेट दिनका लागि आनाकानी गरेको उहाँको भनाइ छ।

**प्रदेश सरकारबाट भएका कामहरू**

मधेस प्रदेश सरकार गठनको सात वर्षमा मधेस प्रदेशमा लोक सेवा आयोगको स्थापना, पाठयक्रम निर्माण, परीक्षा सञ्चालन, कर्मचारी नियुक्ति, सुशासन कायम गर्न जनलोकपाल आयोगको स्थापना, मधेस प्रज्ञा-प्रतिष्ठानको स्थापना, दुग्ध विकास बोर्ड गठन, युवा परिषद् गठन्, मधेस स्वस्थ्य विज्ञान प्रतिष्ठान स्थापना, चलचित्र विकास बोर्ड गठन, मिडिया काउन्सिलको स्थापना, आमसञ्चार प्राधिकरणको स्थापना, पर्यटन बोर्ड, पर्यटन कार्यालय स्थापना भएका छन्। यस्तै मधेस कृषि विश्वविद्यालयको स्थापना, मधेस विश्वविद्यालय स्थापना, मधेस प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् गठन र प्रदेशसभा सचिवालय स्थापना भएका छन्। जिल्ला(हरूमा भूसंरक्षण कार्यालय, यातायात व्यवस्था कार्यालय, सडक तथा सरकारी भवनको निर्माण र अस्पताल भवन निर्माणमा उपकरण सहयोगलगायतका विभिन्न कार्य भएको उहाँले जानकारी दिनुभयो। मधेस प्रदेश सरकारको मुख्यमन्त्री कार्यालयदेखि अन्य मन्त्रालयको भवनलगायत अन्य संरचनाको निर्माणका लागि जग्गाको खोजीसमेत भइहेको छ।

दैनिक क्रियाकलापअन्तर्गत मुख्यमन्त्री सिंहमन्त्रीद्वारा प्रदेशअन्तर्गतका मन्त्रालय, कार्यालय तथा अस्पतालहरूको आकस्मिक स्थलगत छड्के, पर्यटकीय स्थलहरूको निरीक्षण, कृषि क्षेत्रको अनुगमन तथा जनसाधारणहरूसँग भेटघाट तथा गुनासो सुनवाइलगायतका कार्यहरू भएको मुख्यमन्त्रीको सचिवालयले जनाएको छ। सुशासन कायम गर्न सञ्चारमैत्री रहेको तथा त्यहाँबाट भए/गरेका कार्यहरूलाई प्रदेश सरकारले सार्वजनिक गर्ने गरेको छ। प्रदेशमा गत आर्थिक वर्षमा करिब ५० प्रतिशत पुँजीगत खर्च भएको थियो।

प्रदेश सरकारले धेरै कानुन निर्माण गरिसकेको मुख्यमन्त्री सिंहको भनाइ छ। उहाँका अनुसार मधेस प्रदेशसभा सचिवालयबाट हालसम्म प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक तथा सुविधाहरूसम्बन्धी ऐन २०७५, प्रदेश आर्थिक ऐन २०७५ प्रादेशिक सडक ऐन २०७६, स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधासम्बन्धी ऐन २०७७, प्रदेश सञ्चारसम्बन्धी ऐन २०७७, प्रादेशिक विद्युत् ऐन २०७७, प्रदेश संस्था दर्ता ऐन २०७९ तथा प्रदेश खोप ऐन २०७९ लगायतका ५५ वटा ऐन पारित भइसकेको छ। अन्य ऐन निर्माणको तयारीमा रहेको बताइएको छ। सङ्घीयताले देशमा धेरै उपलब्धि हासिल भएको बताउँदै मुख्यमन्त्री सिंह प्रदेशका विकास देशको विकास हो भन्ने सङ्घीयतामा विविधताभित्रको एकता रहेको देख्नुहुन्छ। सङ्घीयतालाई बलियो बनाउन तीनै तहका सरकारबीच समन्वय, सहयोग र विश्वासको वातावरण बन्न जरुरी रहेको उहाँको तर्क रहेको छ। *(प्रस्तुत विचार संविधान दिवस २०८१ का अवसरमा मुख्यमन्त्री सिंहसँग उहाँको कार्यकक्षमा रासस मधेस प्रदेश कार्यालयका प्रमुख सुरेश झाले गर्नुभएको कुराकानीम आधारित छ)*



लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं।

रुपनी गाउँपालिका
गाउँ कार्यापालिकाको कार्यालय
सप्तरी

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं।

महादेवा गाउँपालिका
गाउँ कार्यापालिकाको कार्यालय
सप्तरी

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं।

छिन्नमस्ता गाउँपालिका
गाउँ कार्यापालिकाको कार्यालय
सप्तरी

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*